**नरहरिनाथ राजपत्र**
**नरहरिनाथ गाउँपालिकाद्वारा प्रकाशित**
**खण्ड १ नरहरिनाथ गाउँपालिका**

**भाग–१**
**कर्णाली प्रदेश**
**नरहरिनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,**
**कुमालगाउँ, कालिकोट**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँकार्यपालिकाबाट मिति २०७६। । गते स्विकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।**

**संवत् २०७४ सालको नियम नं.**

# नरहरिनाथ गाउँपालिकाको
# बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६
# नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोट

# बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६

## प्रस्तावना

गाउँपालिकामा बस्ने बैठकहरु तथा पदाधिकारी र कर्मचारीहरुबाट हुने भ्रमणको खर्चलाई व्यवस्थित बनाउन आवश्यक भएकोले नरहरिनाथ गाउँपालिकाको आर्थिक ऐन २०७६को दफा १३ को (क) बमोजिम मिति २०७६।०९।२७ मा बसेको ४९ औं बैंठकले यो बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६ बनाई लागु गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "बैंठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ख) "पदाधिकारी" भन्नाले गाउँसभा, गाउँकार्यपालिका तथा गाउँपालिकाको निर्णय अनुसार गठित विभिन्न समितिहरुमा नियुक्त पदाधिकारी तथा सदस्यलाई जनाउनेछ । सो शब्दले उक्त समितिको सचिवलाई समेत जनाउनेछ ।

(ग) "कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत नियमित तलब खानेगरी नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नरहरिनाथ गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश लाई जनाउनेछ ।

(च) "कार्यालय" भन्नाले नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

## परिच्छेद-२
## बैंठक भत्ता सम्बन्धी व्यवस्था

३. **बैंठक भत्ता उपलब्ध गराउन सक्ने :** (१) गाउँपालिकाले गाउँसभा, गाउँकार्यपालिका तथा कानून बमोजिम गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलहरुको बैठक बस्दा पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउन सक्नेछ ।

(२) कार्यालय समय भित्र नियमानुसार मासिक तलब प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारी सहभागि हुने बैठकमा भत्ता उपलब्ध गराउन मिल्ने छैन ।

४. **बैठक भत्ताको दर :** (१) दफा ३ बमोजिम हुने बैठकमा सहभागि हुने पदाधिकारीले प्रति बैठक रु. १००० का दरले बैठक भत्ता पाउने छन् ।

(२) एकै दिनमा बैठक सम्पन्न नभई अर्को दिनहरुमा पनि लगातार बैठक बस्नु परेमा बैठक स्थगित भएको र अर्को दिन बैठक बसेको व्यहोरा बैठक निर्णय पुस्तिकामा उल्लेख भएमा बैठकमा सहभागि भएको सबै दिनको भत्ता उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

(३) भत्ता वितरण गरेको बैठकमा पदाधिकारीहरुको उपस्थिती र गरेका निर्णयहरुको प्रतिलिपी सम्बन्धित भर्पाईमा राख्नुपर्नेछ ।

५. **कर कट्टा गर्नुपर्ने :** (१) बैठक भत्ता वापत वितरण गरिने रकममा भत्ता वितरण गर्ने निकायले नियमानुसार १५ प्रतिशत कर कट्टा गर्नु पर्नेछ ।

(२) कर वापत कट्टा गरेको रकम सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

६. **वडा समितिको बैठक :** (१) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकको भत्ता पाउने छन् ।

(२) तर उपदफा (१) बमोजिमको बैठक भत्ता औचित्यताको आधारमा महिनामा दुई पटक सम्मका लागि मात्र व्यवस्था हुनेछ ।

## परिच्छेद-३

## स्थानीय यातायात खर्च (गाडी भाडा) सम्बन्धी व्यवस्था

७. **स्थानीय यातायात खर्च उपलब्ध हुने : (१)** बैठकमा सहभागि हुने पदाधिकारीहरुले सार्वजनिक सवारी साधन प्रयोग गरेर आएको खण्डमा स्थानीय यातायात वापत रु. ५०० प्राप्त हुनेछ ।

(२) वडा कार्यालय र गाउँपालिका बाहिरको स्थानबाट बैठकमा सहभागि हुने पदाधिकारीको लागि थप रु.२००० यातायात खर्च वापत प्राप्त हुनेछ ।

(३) सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारीका लागि यातायात खर्च उपलब्ध हुनेछैन ।

## परिच्छेद-४

## दैनिक भ्रमण भत्ता तथा फिल्ड भत्ता सम्बन्धी व्यवस्था

८. **दैनिक भ्रमण भत्ता उपलब्ध गराउने:** (१) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई गाउँपालिकाको कामकाजमा गाउँपालिका क्षेत्र भन्दा बाहिर जानु परेमा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ ।

(२) कुनै सरकारी तथा गैरसरकारी निकायको आयोजनामा हुने कार्यक्रममा सहभागि हुन जाँदाका हकमा कार्यक्रम आयोजक संस्थालेनै भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा त्यस प्रकारको भ्रमणमा भ्रमण खर्च भूक्तानी हुनेछैन ।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण भत्ता माग गर्दा तोकिए बमोजिमको ढाँचामा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(४) पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने दैनिक भ्रमण भत्ताको दर पद र श्रेणी अनुसार प्रदेश कानूनले तय गरे बमोजिम हुनेछ ।

९. **प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराउने:** (१) नियमित रुपमा फिल्डमा गएर आयोजनाहरुको कार्यान्वयनमा काम गर्नुपर्ने

गाउँपालिकाका नियमित प्राविधिक कर्मचारीलाई मासिक ३ दिनको थप फिल्ड भत्ता वापतको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) बाट खर्च गरिनेछ ।

**१०. आयोजना अनुगमन सम्बन्धमा**

(क) गाउँपालिकाबाट संचालित आयोजना अनुगमन गर्दा सम्बन्धित पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च ( कन्टेन्जेसी) वा अनुगमन तथा मूल्याङ्कन खर्चबाट अनुगमन मूल्यांकन भत्ता पाउनेछन् ।

(ख) अनुगमनमा खटिएका अध्यक्ष प्रतिदनि १५०० उपाध्यक्ष प्रतिदिन रु १३०० कार्यापालिका सदस्य प्रतिदिन रु १००० र सदस्य रु **७०० र अन्य कर्मचारीको हकमा अधिकृत प्रतिदिनि १००० ना.सु. प्रतिदिन रु** ८००र अन्य **प्रतिदिन रु** प्रतिदिन ७०० प्राप्त गर्ने छन् ।

## परिच्छेद-५
## काज स्वीकृत सम्बन्धी व्यवस्था

**११. काज स्वीकृत गर्नु पर्ने :** (१) दैनिक भ्रमणमा जाने कर्मचारी तथा पदाधिकारीले भ्रमणको औचित्य सहित सम्बन्धित पदाधिकारीबाट काज स्वीकृत पश्चात मात्र भ्रमण गर्नुपर्नेछ ।

(२) अध्यक्ष स्वयमको, उपाध्यक्ष, गाउँसभाका सदस्य, कार्यपालिकाका सदस्य, गाउँपालिकाबाट गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

(३) गाउँपालिका तथा वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

## परिच्छेद-६
## खाना, खाजा सम्बन्धी व्यवस्था

१२. **बैठकमा चिया खाजाको व्यवस्था गर्नुपर्ने** (१) बैठकहरुमा सहभागि पदाधिकारी तथा तोकिएको संख्याका सहयोगी कर्मचारीको संख्याका आधारमा प्रति व्यक्ति प्रति बैठक रु १५०।- ले नबढ्ने गरी चिया खाजाको व्यवस्था गर्नुपर्नेछ तर उक्त रकम नगद वितरण गरिने छैन ।

(२) विहानै देखि बैंठक गर्नु परेमा वा सोही दिन बैंठक सम्पन्न नभई सोही दिनको भोलिपल्ट बैंठक गर्नुपरेमा बैठकमा सहभागि पदाधिकारी तथा तोकिएका कर्मचारीलाई स्थानीय चलन चल्तीको दररेटमा खाना तथा आवासको व्यवस्था गर्नुपर्नेछ ।

१३. **अन्य व्यवस्था**

(१) यस कार्यविधिमा उल्लेख गरिए बाहेकको परिस्थितीहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुको बैंठक तथा भ्रमण गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा अध्यक्षले तोके बमोजिम हुनेछ । यसरी बैंठक तथा भ्रमण गर्दा लाग्ने खर्च यसै कार्यविधिमा उल्लेख गरे बमोजिमको दरमा भुक्तानी हुनेछ ।

**आज्ञाले**
**लाल बहादुर मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**
**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कुमालगाउँ, कालिकोट**
**कर्णाली प्रदेश**